


त्रैमासिक पत्रिका छाल वर्ष – २ अङ्क – ३ माघ

# सम्पादकीय

## पालिकाहरूमा श्रम डेस्कको आवश्यकता किन?

श्रमको औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रलाई मर्यादित, सम्मानित, न्यायपूर्ण बनाउँदै श्रमिकहरूको हक, हित र सुरक्षा सुनिश्चित गर्ने प्रक्रियालाई अघि बढाउनका निम्ति स्थानीय तहमा श्रम डेस्कको आवश्यकता हुन्छ । विशेषगरी अनौपचारिक श्रम क्षेत्रमा काम गर्ने श्रमिकहरूको सङ्ख्या र अवस्थाको व्यवस्थित विवरण सङ्कलन गर्न, उनीहरूलाई अन्य श्रमिकसरहको अधिकार वितरण गर्न र सामाजिक सुरक्षाको दायरा/प्रक्रियामा ल्याउन सजिलो बनाउनका लागि पनि हरेक स्थानीय तह/पालिकाहरूमा श्रम डेस्कको निर्माण हुन जरूरी देखिन्छ ।

## अनौपचारिक श्रम क्षेत्र भनेको के हो?

अनौपचारिक र स्वरोजगार क्षेत्र सामाजिक सुरक्षा सञ्चालन कार्यविधिका अनुसार-"अनौपचारिक क्षेत्र भन्नाले औपचारिक प्रबन्धले नसमेटिने सबैप्रकारका श्रम सम्झनुपर्छ" भनेर उल्लेख गरेको छ । अर्थात निर्माण क्षेत्र, कृषि क्षेत्र, मनोरञ्जन क्षेत्र, घरेलु श्रम क्षेत्र लगायतका श्रम क्षेत्रलाई अनौपचारिक श्रम क्षेत्र भनी बुझ्नुपर्छ । यस क्षेत्रमा श्रम गर्ने श्रमिकहरू जस्तै: भारी बोक्ने, ढुङ्गा/गिट्टी फुटाउने, बालुवा चाल्ने, गाह्रो लगाउने, सडक, घर, पुलपुलेसा आदि बनाउने, अर्काको घर खेत वा गोठमा काम गर्ने, डान्सबार, रोधी या अन्य ठाउँमा गाउने, बजाउने, नाच्ने श्रमिकहरू घरेलु श्रमिक, यौनकर्मीहरू र घरमा आधारित/घरभित्रका काम गर्नेहरू आदि सबैलाई अनौपचारिक श्रम क्षेत्रका श्रमिक भनेर बुझ्न सकिन्छ। यी सबै श्रमिकहरूले देश निर्माणमा अतुलनीय योगदान दिएका छन् । तर, नेपालमा औपचारिक श्रमिकहरूलाई मात्रै श्रमिकको दृष्टिकोणले हेरिने र उनीहरूलाई मात्रै मर्यादित व्यवहार गर्ने गरेको पाइन्छ। राज्यले वितरण गर्ने अधिकार लगायतका सेवा सुविधाबाट अनौपचारिक श्रमिकहरू वञ्चित भएका छन् । अनौपचारिक श्रमिकहरूमध्ये पनि महिला श्रमिकहरूलाई श्रमिक नै नमान्ने चलन छ । उनीहरूको कामलाई काम मानिदैंन । संविधानले सबै नागरिक समान हुन् भनी घोषणा गरिसकेको स्थितिमा पनि व्यवहारत: अझैसम्म अनौपचारिक श्रम क्षेत्रमा श्रम गर्ने नागरिक राज्यको अधिकार वितरण प्रक्रियामा समान हुन सकेका छैनन् । उनीहरूलाई हेर्ने

Tarangini foundation

दृष्टिकोणदेखि लिएर गरिने व्यवहारमासमेत फरक पाइन्छ । त्यसैले अनौपचारिक क्षेत्रमा रहेका श्रमिकहरूलाई समान नागरिकको हैसियतमा ल्याउन र श्रमिकहरूको मानव अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षाभित्र समेट्न पनि हरेक स्थानीय तह/पालिकामा श्रम डेस्क निर्माण गर्न आवश्यक छ।

यही आवश्यकतालाई मध्येनजर गरी सामाजिक सुरक्षा कोषले ७५३ वटै पालिकाहरूलाई २०८० आश्विन १७ गते अनौपचारिक श्रमिकहरूको सुरक्षाको लागि सामाजिक सुरक्षा कोषमा आवद्ध हुन पत्राचार गरेपछि हालसम्म देशभरीका ७५३ पालिकामध्ये ७ वटा पालिकाहरू (स्याङ्जाको फेदीखोला गाउँपालिका, मकवानपुरको भिमफेदी गाउँपालिका, बारा जिल्लाको जितपुर सिमरा उपमहानगरपालिका, महोत्तरी जिल्लाको बर्दीबास नगरपालिका, बाग्लुङको ताराखोला गाउँपालिका र सिन्धुली जिल्लाको मरिण गाउँपालिका) आफ्ना पालिकाभित्र रहेका श्रमिकहरूको सामाजिक सुरक्षा गर्ने उद्देश्यले "सामाजिक सुरक्षा कोष" मा आवद्ध भएका छन्। (www.odapalika.com)

यसरी नै अन्य बाँकी पालिका/स्थानीय तहहरूले पनि अनौपचारिक श्रमक्षेत्रलाई सम्मान गर्दै श्रमिकहरूको अधिकार सुनिश्चितताको प्रक्रियामा जानका लागि कार्यविधि बनाई श्रम डेस्क निर्माणमा यथाशीघ्र पहल गर्न आवश्यक देखिन्छ।

## मेरो श्रम पनि श्रम हो



नाम: मिना शर्मा
उमेर: ४१ वर्ष
पेशा: घरेलु श्रमिक
शिक्षा: निरक्षर
विवाह हुँदाको उमेर: १६ वर्ष
वैवाहिक अवस्था: विवाहित

महोत्तरी जिल्लाको बलवासर पल्वो स्थायी घर भएकी ४१ वर्षीय मिना शर्मा हाल काठमाडौं वडा नम्बर-९ बत्तिसपुतलीमा बस्छिन्। सानोछँदै उनका बुवाआमाको देहान्त भएकाले आमाबुवाको मायाबाट वञ्चित हुनुपर्‍यो। दुईजना दिदीहरू र एकजना दाजुसँग हुर्केकी मिना शर्माले खासै पढ्न पाइनन्। उनका दाजुले उनी १६ वर्षको हुँदा नै केटा खोजेर विवाह गरिदिए। उनका श्रीमान् र दुई छोराहरू छन्।

गाउँमा आयस्रोतको राम्रो माध्यम थिएन। श्रीमान्को पनि कुनै भरपर्दो पेशा व्यवसाय नभएकाले छोराछोरीको उज्वल भविश्य खोज्दै मिना शर्मा परिवारसहित काठमाडौं आइन्। काठमाडौं आएपछि उनी घरेलु श्रमिकका रूपमा काम गर्न थालिन् भने उनका श्रीमान् पनि साइकल पसलमा दैनिक ज्यालादारीमा काम गर्न थाले। दुवैजनाको काम हुँदा राम्रै आम्दानी थियो। समयक्रमसँगै मिनाका श्रीमान्लाई तासजुवा खेल्ने, जाँड रक्सी खाने लत बस्न थाल्यो। जाँडरक्सी खाएपछि मिना शर्मालाई उनका श्रीमान्ले कुटपिट गर्न थाले। भन्छिन्-"विवाह गरेको केही वर्षसम्म हाम्रो सम्बन्ध राम्रो थियो। तर पछि सम्बन्ध बिग्रदैं गयो। जुवातास खेल्ने र जाँड रक्सी खाने उनको बानी रहेछ। उनको

यस्तो बानी थाहा पाउँदा बच्चा भइसकेकोले जे गरे पनि सहेर बस्न बाध्य भएकी छु ।" आजभोलि मिनाका श्रीमान् मनलाग्दा काममा जाने र मन नलाग्दा काम गर्न नजाने गर्छन् । कमाएको दिन बाहिर टन्नै खाएर घरैमा आउँदैनन्। श्रीमान्को यस्तो बानीले मिनालाई कायल बनाएको छ ।

छोराले विदेश जाने रहर गऱ्यो । दुईपैसा कमाउला र खुशी देला भन्ने सपना साँचेर छोरालाई जसोतसो ऋण काढेर मलेसिया त पठाइन् । त्यही ऋणले आज उनलाई निदाउँन दिएको छैन । भन्छिन्-"छोराको पनि राम्रो कमाइ छैन । छोरोले भनेको बेला तलब पाइदैंन भनेर भन्छ । फोनमा सम्पर्क पनि राम्रोसँग हुँदैन । अर्काको घरमा भाँडा माझेर कमाएको पैसाले खानै ठिक हुन्छ । घरभाडा तिर्न पनि समस्या छ ।" बस्दै आएको घरमा पनि घरबेटीले एक हप्तामा घर खाली गर्नुपर्छ भनेपछि मिनाका श्रीमान् बेपत्ता भए । यसरी श्रीमान्ले घरव्यवहारको वास्ता नगरेपछि उनले सुनको तिलहरी र नाकको नत्थी बेचेर भाडा तिरिन् । मिना शर्मा आजकल उनका श्रीमान् जता गए पनि खासै चासो राख्दिनन्।

मिना शर्मा दैनिक पाँच वटा घरमा घरेलु श्रमिकको रूपमा काम गर्छिन् । काम गरे वापत पाएको पारिश्रमिक सन्तोषजनक छैन । तथापि काम गर्नु पर्ने बाध्यता छ उनलाई । घरबेटीहरू सबै नराम्रा छैनन्, सबै राम्रा पनि हुने रहेनछन् भन्ने अनुभव बटुलेकी मिनाका रोजगारदाताले बेला बेलामा काम राम्रो भएन भनी किचकिच गर्ने गर्छन् । त्यै पनि उनलाई काम गर्नु छ । गाली सहँदै भए पनि नियमित काम गरिरहेकी मिना शर्मा काठमाडौं वडा नम्बर-९ मा रहेको घरेलु श्रमजीवी महिला सञ्जालको सदस्य हुन् ।

## कविता

### शहिदको नाममा दुई शब्द

१, खेतबारीका गरामा, पाखा पखेरी र टारी बारीमा
तिमीले गाएका मुक्तिका गीतहरु घन्की रहेछन्, गुन्जी रहेछन्
पिपिराहरु हेर्दै लहलह
तिम्रै पदचापमा हिड्दै छौं हामी
एउटा सुन्दर परिकल्पनामा
हिंसारहित समाज, विभेदरहित समाज
स्वतन्त्र र सम्मानले सजिएको सुन्दरबस्ती
जहाँ फुली रहेछन् लालुपाते

२, परम्पराको साङलो चुडाउन
स्वातन्त्रतको विगुल फुकेर
बस्ती र झोपडीहरुमा
मलम पट्टी लगाउन शहिद बनेकी तिमी
तिम्रो सपनामा बुटले कुल्चन खोज्नेहरु
तिम्रा नाममा सभा गोष्ठी गर्दै डकार्नेहरु
बाँचेर पनि मरिरहेछन, तिमी मरेर पनि बाँच्यौ
राँको बालेर अन्धकार चिर्दै
चिराग लिएर अगाडि बढ्यौ अन्धकारमा
अहिले
अहिले घाम झुल्कन लागेको छ सुनौलो
तिमीलाई स्मरण गर्दै
हामी न्यानो घाम ताप्न लागेका छौं



३, विहानको झुल्के घाम सँगै मैले देखेको सपना
मुस्कान सहित भेटिउन् धारामा पधैँरामा
मेला पात अनि खेत बारीमा,
सुन्दर कल्पनाहरु सयपत्री झै फुल्न सकुन्
वन भरी अनि मन भरी
आधा आकाश आधा धर्ती
चल्दैन शृष्टिको रथ पनि
मात्र समानताको मुक्तिको आवाजले
किन डराएर तेर्स्यायौ बन्दुकको नाल
कातर लाछीहरु
कसरी छेकिन्छ झुल्के घाम झै मुक्तिका आवाजहरु
कसरी दबिन्छ स्वातन्त्रताको विगुल
तिमी शहिद बनेर बिज बन्यौ
जन्मायौ हजारौ हजार आफ्ना अनुयायीहरु
तिम्रा पाइला पाइलाहरुमा देखि रहिछु, तिम्रो सपना
तिम्रो आवाज दबियो तर विचार दबिएन
तिम्रा प्रेरणाले फुल्न थालेका छन् सुनाखरी

Tarangini foundation

# संघर्षको कथा



विक्रम सम्वत २०२९ साल मङ्सिर ११ गते रामेछाप जिल्ला हालको खाँडादेवी गाउँपालिका साबिक वडा नम्बर-४ चोप्राङमा बुवा सचिन बहादुर श्रेष्ठ र आमा कृष्णमाया श्रेष्ठको कोखबाट महालक्ष्मी श्रेष्ठको जन्म भएको थियो। उनकाका बुवा आमाको विवाह हुँदा आमा ११ वर्षकी र बुवा २२ वर्षको हुनुहुन्थ्यो रे । आमा बुवाको पहिलो सन्तानको रूपमा जन्मेकी उनले बाल्यकालमा धेरै माया पाइन् । कक्षा ३ सम्म अध्ययन गरेकी महालक्ष्मीको विद्यालयमा खासै पढाइ हुदैनथ्यो । शिक्षकहरू गफ गरेर दिन बिताउँथे । उनी पनि सानै भएकाले पढ्न भन्दा पनि खेल्न नै मन लाग्थ्यो । भाइबहिनीहरू साना थिए । उनीहरूको रेखदेख र स्याहार गर्नुपर्ने बाध्यता आयो । बुवाआमा पनि खेतको काममा व्यस्त भएकाले घरको सबै काम, गाई बाख्रा, घाँस दाउरा गर्नुपर्ने भएकाले ३ कक्षाभन्दा माथि उनले पढ्न पाइनन् ।

२० वर्षको उमेरमा महालक्ष्मीको काभ्रेपलाञ्चोक जिल्ला बनेपा वडा नम्बर-४ नालाका स्थायी बासिन्दा कृष्णप्रसाद श्रेष्ठसँग सामाजिक परम्परा अनुसार मागी विवाह भयो । कृष्णप्रसाद श्रेष्ठ पनि ४ कक्षासम्म मात्रै पढेका रहेछन् । दुवैजनाको शैक्षिकस्तर उस्तै भएकाले घरैको काम गर्नु पर्ने बाध्यता भयो । परिवारमा श्रीमान्का आमा र बहिनी थिए । उनीहरूको होटेल रहेछ । विवाह गरेर आएपछि त्यही होटेलमै श्रीमान्सँगै काम गर्न थालेकी महालक्ष्मी श्रेष्ठले होटेलमा खाना/खाजा बनाउने, सफा गर्ने, भाँडा माझ्ने गर्नुभयो । होटेलमा जम्मा भएको पैसाचाहीं नन्दले राख्ने गर्थिन् । त्यसैले कतै बाहिर जानु पऱ्यो भने नन्दसँग खर्च माग्नुपर्थ्यो र खर्चको हिसाबकिताब उनलाई बुझाउनु पर्ने बाध्यता थियो । महालक्ष्मी भन्छिन्-"श्रीमान् खासै काम गर्दैन थे । दिनहुँजस्तो मदिरामा लठ्ठ हुन्थे । मदिरा पिएपछि मलाई कुटपिट गर्थे, शारीरिक तथा मानसिक यातना दिन्थे । यस्ता कुरा माइतीमा बाआमालाई सुनाउन पनि सकिनँ ।"

केही समयपछि महालक्ष्मी श्रेष्ठको नन्दको विवाह भयो । पैसा बुहारीको हातमा पर्न दिनुहुँदैन भन्ने परिवारका सदस्यहरूको सोच भएकाले नन्दको विवाहपछि होटेल पनि बन्द गरियो । होटेल बन्द भएपछि आम्दानीको स्रोत पनि बन्द भयो । आम्दानीको बाटो नभएपछि भने माइतीमा कुरा राखिन् । उनको समस्यालाई बुझेर माइतीका बुवाआमाले सहयोग गरे । काठमाडौंको हात्तिगौडा किराना पसल र तरकारी पसल खोल्न् । दिन बित्दै जाँदा पसलबाट राम्रै आम्दानी हुनथाल्यो । आम्दानी र केही ऋण लिएर बनेपाको नालामा जमिन किनिन् । तर पछि श्रीमान्का परिवारले पसल बन्द गर्न बाध्य बनाए । काठमाडौंबाट फर्किएर बनेपा आइन् ।

दिन बित्दै गयो । उनी गर्भवती भइन् । श्रीमान्को उही व्यवहार । एकदिन बिरामी पर्नेगरी श्रीमान्ले महालक्ष्मीलाई कुटे । उपचारसमेत गरेनन् । यसरी आफूलाई बेवास्ता गर्न थालेपछि भने महालक्ष्मी पुन: माइती गइन् । ४ महिना माइतीमै बसिन् । पहिलो सन्तान माइतीमा जन्माउनु हुन्न भन्ने सोचले घरपट्टीका कसैले वास्ता नगरे तापनि उनी नाला घरमा फर्किन् । फर्केपछि श्रीमान्बाट शारीरिक यातना र सासुद्वारा गाली गलौजसहित मानसिक यातना भोग्नु पऱ्यो । यस्तै यातना खेप्दै बस्न बाध्य भएकी महालक्ष्मी श्रेष्ठको छोरो जन्मियो । भन्छिन्-"सुत्केरी अवस्थामा पनि राम्रो खान पाइएन त्यसैले सुत्केरीको भोक के हो भन्ने मलाई राम्रोसँग थाहा छ ।"

**महिलाको श्रमको सम्मान**
**राष्ट्र गौरवको अभियान**

Tarangini foundation

"एक महिना बितेपछि माइतीबाट बुवा लिन आउनुभयो । रामेछाप जान दुई दिन लाग्यो । तेमालको पचुवारघाटमा बास बस्दा होटेलमा बुवाले किनेर दिनुभएको खाना मिठो मानेर धेरै खाएँ । सन्तुष्टीको त्यो खानाले सुत्केरी अवस्थाको शरीरमा राम्रो काम गरेछ । दुध पनि राम्रो आयो । सँधै रातभरी रुने छोरो पनि रोएन । पेटभरी खाएर कुनै डर र त्रास बिना निदाएको त्यो दिनको जस्तो मिठो निन्द्रा फेरि कहिल्यै लागेन" भन्दै महालक्ष्मी श्रेष्ठ विगतका कुरा सुनाउनुहुन्छ ।

माइतीमा बसेको १५ महिना बित्ता पनि श्रीमान् लिन आएनन् महालक्ष्मीलाई । उनी भन्छिन्-"हाम्रो नेवार जातिमा सुत्केरी भएर माइती गएकी श्रीमतीलाई घर परिवारका सदस्य वा श्रीमान्ले लिन नगए आफै एक्लै आउन मिल्दैन । छोरी त अझैसम्म घर फर्केकी छैन त । ज्वाईंसँग राम्रो छैन कि के कसो? भनेर गाउँका आफन्तले आमाबुवासँग सोध्न थालेपछि भने मलाई अप्ठयारो लाग्नथाल्यो । बुवाआमाले त जानुपर्दैन त्यस्ता घरमा, हामी यहीँ जमिन दिएर घर बनाएर राख्छौं भन्नुहुन्थ्यो तर मैले मानिनँ । घरबाट कोही लिन नआएपनि म एक्लै नाला घर गएँ । गएकै भोलिपल्ट "तलाईँ माइतीमै बस्न पुगेको थिएन भनेर लिन नआएको, किन आएकी? भनेर कुटपिट गरे ।"

श्रीमान् र सासुको यातना खेप्दै बाँचिरहेकी महालक्ष्मीलाई जब मोबाइलको जमाना आयो, माइतीका बुवाआमासँग र साथीभाइहरूसँग गफ गर्न पाएपछि जीवन अलिकति सहज भएको महसुस हुनथाल्यो ।

सासुको निधनपछि तरकारी खेती सुरू गरिन् महालक्ष्मीले । १ रोपनीबाट सुरू गरेको तरकारी खेती अहिले ४ रोपनीमा फैलिएको छ । वार्षिक पच्चिस हजारका दरले भाँडामा लिएर टनेलमा तरकारी खेती गरेकी छिन् । १५ वटा टनेल छन् । आम्दानी राम्रै भएको छ । श्रीमान्ले पनि पिट्न छोडेका छन् । छोरोले पनि गाडी चलाउन थालेको छ । यसकारण जीवन सहज बन्दै गएको बेला अचानक श्रीमान्लाई पिसाब नलीमा क्यानसरको शंका गर्‍यो । उपचारमा धेरै खर्च लाग्यो । तर डाक्टरको रिपोर्टपछि उनका श्रीमान्लाई भने क्यान्सर नभएको पुष्टी भएको छ ।

आजकल महालक्ष्मी श्रेष्ठलाई पहिलेको जस्तो तनाव छैन । कृषक महिला सञ्जालमा आवद्ध भएपछि साथीहरूसँग भेट हुने, एकअर्काको अप्ठयारा, समस्याहरू साझा गर्ने भएकोले पनि आफूलाई मात्रै समस्या परेको हैन रहेछ, सबैलाई तनाव र समस्या हुनेरहेछ भन्ने लाग्छ रे । पहिले त रातभरी निदाउन नसकेर निन्द्राको औषधिसमेत खाने गर्थें भनी सुनाउने महालक्ष्मी श्रेष्ठलाई सञ्जालमा आफ्ना कुरा सुनाउने ठाउँ पाउँदा र समस्या पर्दा सहयोग गर्ने साथीहरू पाएकाले व्यवसायिक रूपमा काम गर्ने वातावरण पाएकोमा खुशी लागेको छ ।




